नाम्खा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
याल्वाङ, हुम्ला
कर्णाली प्रदेश, नेपाल

प.सं. : २०७६।०७७
च.नं. ६७१ मिति : २०७७।२।२८

श्री सम्पूर्ण सामुदायिक, संस्थागत र धार्मिक विद्यालयहरु
नाम्खा गाउँपालिका हुम्ला

विषय : एकीकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली IEMIS अपडेट गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको च. नं २६१ अनुसार विद्यालयहरुलेआफ्नो विद्यालयको विद्युतीय एकीकृत विद्यालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली Excal based को Electronic school level IEMIS file मा शैक्षिक सत्र २०७६ मा व्यवस्थापन गरिएका तथ्याङ्क एवम् सूचनालाई अद्यावधिक गर्ने भनि सूचना प्राप्त भएकाले असार १० भित्र तपशिलका कार्यहरु गर्न अनुरोध छ ।

क) आ.आफ्ना विद्यालयको IEMIS file update गर्दा year set २०७७ बनाउने,
ख) शै.स को कक्षागत विधार्थी विवरण (कक्षा उर्त्तीण,कक्षा दोहोऱ्याउने कक्षा छाड्ने,वार्षिक हाजिरी दिन आदि विवरणहरु अद्यावधिक गर्ने कक्षा १० र १२ बाहेक अरु सबै कक्षा)
ग) शै.स २०७६ को कक्षागत परीक्षा र विधार्थीको प्राप्ताङ्क विवरणको इन्ट्री र अद्यावधिक गर्ने,
घ) शै.स २०७६ को कक्षागत छात्रवृत्ति विवरण अद्यावधिक गर्ने,
ङ) हाल विद्यालयमा रहेको अभिलेख अनुसार शै.स २०७६ सालको सबै प्रकार र तहका शिक्षकहरुको पूर्ण विवरण अद्यावधिक गर्ने,
च) हाल विद्यालयमा रहेका अभिलेख अनुसार शै.स २०७६ सालको सबै प्रकारका विद्यालय कर्मचारिको पूर्ण विवरण अद्यावधिक गर्ने,
छ) हाल विद्यालयमा रहेका अभिलेख अनुसार शै.स २०७६ सालको भौतिक विवरण र विविधमा रहेको सबै विवरण अद्यावधिक गर्ने,
ज) आफ्नो विद्यालयको पूर्ण विवरण छ छैन राम्रोसँग रुजु गर्ने र IEMIS file save गरी राख्ने,
झ) चालु शैक्षिक २०७७ को विधार्थी भर्ना गरी विद्यालय सञ्चालन गरेका विद्यालयले यसै सालको विवरण अद्यावधिक गर्नुपर्ने छ ।

नोट : माथि उल्लेखित कार्यहरु सम्पन्न गरेका विद्यालयले आफ्नो विद्यालयको IEMIS file शिक्षा तथा मानव स्रोत विकास केन्द्रको web portal: iemis.gov.np upload मा गर्नु पर्नेछ । उक्त विवरण अपलोड गर्नुपुर्व यस विद्यालयको IEMIS file मा भरिएका विवरणहरु वास्तविक अभिलेखका आधारमा सोही रुपमा प्रस्तुत गरिएका छन् भनि प्रमाणित गर्दछौ सोमा फरक परेमा मुलुकी अपराध संहिता ऐन किर्तेजालसाझीको महलको साथै अन्य प्रचलित कानुन बमोजिम सहुला बुझाउला भन्ने व्यहोराको पत्र समेत पालिकामा पठाउनु पर्नेछ ।

खेमराज शाही
शिक्षा अधिकृत (छैठौं)

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

फोन नम्बर : ०८७-६८०२८०, अडियो नोटिस बोर्ड : १६१८०८७६८०२८०
वेवसाइट : www.namkhamun.gov.np, ईमेल: ito.namkhamun@gmail.com,